रामग्राम नगरपालिका

# स्थानीय राजपत्र

खण्ड ८ रामग्राम, असार १० गते, २०८२ साल संख्या २

## भाग-१

## कर तथा गैरकर राजस्व सम्बन्धी ऐन, २०८२

**सभाबाट स्वीकृत मितिः २०८२/०३/१०**

**प्रस्तावना :** नगरपालिकालाई प्राप्त राजस्व अधिकारको ब्यवस्थालाई पारदर्शी, न्यायोचित, ब्यवस्थित तथा प्रभावकारी रुपमा कार्यान्वयन गरी नागरिकलाई सेवा प्रवाह गर्न सक्ने क्षमतामा सुधार ल्याउन वाञ्छनीय भएकोले, नेपालको संविधानको अनुसूची ८ तथा स्थानीय सरकार संचालन ऐन, २०७४ को प्रावधान अनुसार नेपालको संविधानको धारा २२८ को उप-धारा (२) बमोजिम रामग्राम नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ ।

### परिच्छेद-१

### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम “कर तथा गैरकर राजस्व सम्बन्धी ऐन २०८२” रहेको छ।

(२) यो ऐन नगरपालिका क्षेत्रभर लागू हुनेछ र यस ऐन बमोजिमको कर वा राजस्व बुझाउनु पर्ने दायित्व भएको व्यक्ति जहाँसुकै रहे बसेको भए पनि निजको हकमा समेत लागू हुनेछ ।

(३) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) “संविधान” भन्नाले नेपालको संविधानलाई जनाउँछ ।

(ख) “ऐन” भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ लाई जनाउँछ ।

(ग) “सभा” भन्नाले रामग्राम नगरपालिकाको नगरसभालाई जनाउँछ ।

(घ) “तोकिए वा तोकिएबमोजिम” भन्नाले यस ऐन अन्तर्गत बनेको नियम, विनियम वा कार्यविधिले तोके बमोजिम भन्ने जनाउँछ ।

(ङ) “वडा कार्यालय” भन्नाले वडा समितिको कार्यालयलाई जनाउछ ।

(च) “स्थानीय तह” भन्नाले रामग्राम नगरपालिकालाई जनाउछ ।

(छ) “कर” भन्नाले स्थानीय सरकार सञ्चालन ऐन अनुसार लागेको वा लाग्ने कर सम्झनुपर्छ र यो शब्दले सो करको अतिरिक्त यस ऐन तथा अन्य प्रचलित कानून बमोजिम सोमा लाग्ने जरिवाना समेतलाई जनाउँछ ।

(ज) “गैर कर” भन्नाले नगरपालिकाले आन्तरिक रुपमा आय संकलन गर्ने कर वाहेकका अन्य सबै किसिमका आयका स्रोतहरुलाई जनाउँछ र यो शब्दले सोमा लाग्ने जरिवाना समेतलाई जनाउँछ ।

(झ) “कर निर्धारण” भन्नाले यस ऐन र अन्य प्रचलित कानून बमोजिम कर तिर्नुपर्ने दायित्व भएको व्यक्तिको कर दायित्व निश्चित गर्ने कार्य सम्झनु पर्छ र सो शब्दले पुनःकर निर्धारण तथा संशोधित कर निर्धारण समेतलाई जनाउँछ ।

(ञ) “करदाता” भन्नाले कर तिर्नुपर्ने कर्तव्य भएको व्यक्ति सम्झनुपर्छ र सो शव्दले कर अधिकृतले करको विवरण बुझाउन सूचना दिएको वा अरु कुनै कारवाही प्रक्रिया शुरु गरेको व्यक्तिलाई समेत जनाउँछ ।

(ट) “कर अधिकृत” भन्नाले नगरपालिकाको राजस्व शाखा प्रमुखलाई सम्झनु पर्छ र सो शब्दले राजस्व शाखा प्रमुखद्वारा प्रत्यायोजित अधिकार प्रयोग गर्ने नगरपालिकाको अधिकृत स्तरका अन्य कर्मचारीहरुलाई समेत जनाउँछ ।

## परिच्छेद - २

## राजस्व सम्बन्धी सामान्य सिद्धान्त, क्षेत्र र आधार

३. **कर तथा गैरकर राजस्व सम्बन्धी सामान्य सिद्धान्त** : (१) कर राजस्व लगाउँदा देहायका सिद्धान्तलाई आधार वनाई लगाइनेछ :-

(क) कर तिर्न सक्ने क्षमता,

(ख) समानता र न्याय,

(ग) सरलता, पारदर्शिता र मितव्ययिता,

(घ) नागरिक सुविधा,

(ङ) कर तिर्ने स्वप्रेरणा,

(च) कराधार, करको दर र तिर्ने अवधिको निश्चितता,

(छ) पश्चातदर्शी असर नपर्ने कुराको प्रत्याभूति ।

(२) गैरकर राजस्व लगाउँदा र उठाउँदा उपलब्ध गराइने सेवा, सहुलियत र सुबिधाको लागत, सञ्चालन र सम्भार खर्चलाई आधार मानी लगाइने र उठाइनेछ ।

४. **राजस्वका क्षेत्र र आधार** : (१) नगरपालिकाको कर तथा गैर करको क्षेत्र तथा आधार परिच्छेद ४ बमोजिमको कर, परिच्छेद ५ बमोजिमको सेवा शुल्क, दस्तुर तथा परिच्छेद ६ बमोजिमको छुट, जरिवाना, व्याज (हर्जाना) हुनेछ ।

(२) उपदफा (१) मा उल्लिखित क्षेत्र र आधार बाहेक नगरपालिकालाई प्रचलित कानून बमोजिम अन्य कर तथा गैर कर राजस्व अधिकार थप भएको अवस्थामा त्यस्तो राजस्व नगरपालिकाको आर्थिक ऐनले तोकेको आधारमा असूल गरिनेछ ।

## परिच्छेद - ३

## राजस्व प्रशासन सम्बन्धी व्यवस्था

५. **राजस्व प्रशासन** : (१) नेपालको संविधानको व्यवस्था अनुरुप आफ्नो अधिकार क्षेत्रको कर तथा गैर करको प्रशासनिक कार्य नगरपालिकाले गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको राजस्व प्रशासन व्यावसायिक, दुरुस्त र प्रभावकारी बनाउन आवश्यकता अनुसार राजस्व शाखा तथा राजस्व संकलन इकाइरु रहनेछन् ।

६. **कर्मचारी सम्बन्धी व्यवस्था**: (१) राजस्व शाखामा रहने कर्मचारीको तह र दरबन्दी नगर सभाले स्वीकृत गरेको संगठन तथा व्यवस्थापन सर्भेक्षणले निर्धारण गरेबमोजिम हुनेछ ।

(२) राजस्व शाखाले स्वीकृत दरबन्दीका आधारमा वडा कार्यालयहरुमा राजस्व सम्बन्धी काम गर्ने गरी तोकिएका कर्मचारीहरु तथा राजस्व संकलन स्थानमा तोकिएका कर्मचारीहरुलाई काममा लगाउन सक्नेछ ।

७. **राजस्व शाखाको काम, कर्तव्य र अधिकार** : यस ऐनमा अन्यत्र उल्लेख भएका काम, कर्तव्य र अधिकारका अतिरिक्त राजस्व शाखाको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(क) करदाता दर्ता गर्ने,

(ख) करदाताबाट विवरण प्राप्त गर्ने,

(ग) करपरीक्षण तथा अनुसन्धान गर्ने,

(घ) कर तथा गैरकर राजस्व संकलन गर्ने,

(ङ) कर तथा गैरकर राजस्व चुहावट रोक्न आवश्यक काम गर्ने,

(च) करदातामैत्री वातावरण बनाउन उपयुक्त र आवश्यक काम गर्ने,

(छ) कर सम्बन्धी जनचेतना अभिबृद्धि गर्न कार्यक्रम सञ्चालन गर्ने,

(ज) कर सम्बन्धी कानून र कर प्रशासन सुधारका उपायहरुबारे कार्यपालिकालाई सुझाव दिने,

(झ) राजस्व प्रक्षेपणका लागि आवश्यक सूचना उपलब्ध गराउने,

(ञ) करदाताका खातापाता र हरहिसाव दुरुस्त राख्न लगाउने,

(ट) राजस्व सम्बन्धी बिवरण तथा अभिलेखहरु सुरक्षित र व्यबस्थित रुपमा राख्ने,

(ठ) राजस्व सुधार योजना तर्जुमा र कार्यान्वयन सम्बन्धी कार्य गर्ने,

(ड) राजस्व सम्बन्धी अन्य काम गर्ने ।

८. **अधिकार प्रत्यायोजन** : (१) राजस्व शाखा प्रमुखले यस ऐन बमोजिम आफूमा रहेको कर तथा गैरकर राजस्व उठाउने अधिकार आफू मातहतको कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(२) राजस्व शाखा प्रमुखले आफूलाई प्राप्त अधिकार प्रत्यायोजन गर्ने सम्बन्धमा प्रमुख प्रशासकीय अधिकृतबाट कुनै खास निर्देशन भएकोमा सोहीबमोजिम गर्नु पर्नेछ ।

९. **प्रत्यायोजित अधिकार र जिम्मेवारी** : (१) यस ऐनबमोजिम प्रत्यायोजन गरिएको अधिकारको जिम्मेवारी अधिकार प्रत्यायोजन गर्ने अधिकारीमा रहनेछ ।

(२) प्रत्यायोजित अधिकार प्रयोग गर्ने कर्मचारीले सो अधिकारको प्रयोग गर्दा अधिकार प्रत्यायोजन गर्ने अधिकारीप्रति उत्तरदायी रही प्रयोग गर्नु पर्नेछ ।

## परिच्छेद - ४

## कर राजस्व सम्बन्धी व्यबस्था

१०. **सम्पत्ति कर** : (१) नगरपालिकाले आफ्नो क्षेत्रभित्रको घर र जग्गामा सभाद्वारा स्वीकृत आर्थिक ऐनले तोकेको दरमा सम्पत्ति कर लगाउनेछ ।

(२) उपदफा (१) बमोजिम सम्पत्ति कर लगाउँदा घर र सो घरले चर्चेको जग्गामा सम्पत्ति कर लगाई बाँकी जग्गा र घर नभएका अन्य जग्गामा दफा ११ बमोजिम भूमि कर (मालपोत) लगाउनेछ ।

***स्पष्टीकरण:*** यस दफाको प्रयोजनका लागि “घरले चर्चेको जग्गा” भन्नाले घरले ओगटेको जग्गाको क्षेत्रफल र अधिकतम सो क्षेत्रफल बराबरको थप जग्गासम्म सम्झनुपर्छ । तर, नगरपालिकाको कम्प्युटरीकृत तथ्यांक प्रणाली अनुसार सो कार्य तत्काल सम्भव नदेखिएमा एक बर्षसम्म विद्यमान प्रणालीलाई नै निरन्तरता दिन यसले बाधा पुर्‍याएको मानिने छैन ।

(३) गुठीको जग्गामा मोहियानी कायम गरी व्यक्ति वा संस्थाले निर्माण गरेका घरहरु र सोले चर्चेको जग्गामा नगरपालिकाले उपदफा (१) बमोजिम सम्पत्ति कर लगाउनेछ ।

(४) उपदफा (१) को प्रयोजनका लागि घर र जग्गाको मूल्यांकन गर्दा देहायका आधारमा गरिनेछ :

(क) घर र जग्गाको आकार, प्रकार, बनौट र उपयोगको अवस्था,

(ख) घर र जग्गाको चलनचल्तीको मूल्य र घरको ह्रास मूल्य,

(ग) घर र जग्गाको व्यापारिक वा आवासीय उपयोगको अवस्था ।

(५) उपदफा (१) बमोजिम लगाइने सम्पत्ति करको दर निर्धारण गर्दा नागरिकको जीवनस्तर, आर्थिकस्तर र कर तिर्न सक्ने क्षमताका आधारमा गर्नुपर्नेछ ।

(६) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि देहायको घर र जग्गामा सम्पत्ति कर लाग्ने छैन :

(क) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको स्वामित्वमा रहेको घर र जग्गा,

(ख) सरकारी अस्पतालको घर र जग्गा,

(ग) गुठीको स्वामित्वमा भएको घर र जग्गा,

(घ) मुनाफाको उद्देश्य नराखी सञ्चालन गरिएको सरकारी शिक्षण संस्था, कम्पनी, समिति, प्राधिकरण, बोर्ड र सरकारी संस्थानको घर र जग्गा,

(ङ) मुनाफाको उद्देश्य नराखी सञ्चालन भएका संघ, संस्थाको घर र जग्गा,

(च) धार्मिक संस्था (मन्दिर, गुम्बा, चर्च, मस्जिद आदि) को घर र जग्गा,

(छ) खानेपानी संकलन पोखरी, विद्युतगृह, मसानघाट, कब्रिस्तान, कर्वला, मजार, विमानस्थल, बसपार्क, रंगशाला, उद्यान, पार्क जस्ता सार्वजनिक उपयोगका स्थलहरु,

(ज) राजदूतावास, वाणिज्य नियोग, कुटनैतिक नियोगका घर र जग्गा ।

(७) नगरपालिकाले आफ्नो क्षेत्रभित्रको घर जग्गाको अभिलेख प्रत्येक वर्ष दुरुस्त मिलाई राख्नुपर्नेछ ।

(८) सम्पत्तिको मूल्याङ्कन सिफारिशका लागि नगरपालिकाले दक्ष वा विशेषज्ञ सहित बढीमा पाँच सदस्य रहेको सम्पत्ति कर मूल्याङ्कन समिति गठन गर्न सक्नेछ र यस्तो समिति गठन नभएको अवस्थामा राजस्व परामर्श समितिले नै मूल्यांकन समितिको कार्य गर्नेछ ।

(९) उपदफा (७) बमोजिम गठित समितिको कार्यावधि तीन वर्षको हुनेछ र समितिले प्रत्येक वर्षमा घर जग्गा मूल्यांकनका आधार र दररेट सम्बन्धी सुझाव नगरपालिकामा पेश गर्नेछ ।

(१०) सम्पत्तिको मूल्याङ्कन तथा ह्रासकट्टीको दर आर्थिक ऐनले व्यवस्था गरे बमोजिम हुनेछ।

(११) सम्पत्ति करको प्रयोजनको लागि सम्पत्तिको स्वामित्व देहायको व्यक्तिमा रहेको मानिनेछ :

(क) आर्थिक वर्षको पहिलो दिन जुन सम्पत्ति जसको स्वामित्वमा रहेको छ सो सम्पत्ति सोही व्यक्तिको नाममा ।

(ख) कुनै सम्पत्ति एकभन्दा बढी व्यक्तिहरुको संयुक्त स्वामित्वमा रहेकोमा स्वामित्व स्पष्ट भएकोमा सोही अनुसार र नभएमा संयुक्त स्वामित्वलाई एउटा व्यक्ति ।

(१२) सम्पत्ति करको प्रयोजनको लागि घर भएको कित्तामा जोडिएका सोही व्यक्तिको नाउँमा रहेका अन्य सबै कित्ताहरुलाई एउटै कित्ता मानी घरले चर्चेको जग्गाको क्षेत्रफल निर्धारण गरिनेछ ।

(१३) करदाताले यस दफा बमोजिमको सम्पत्ति कर वार्षिक रुपमा तिर्नुपर्नेछ ।

(१४) सम्पत्तिको पहिचान, विवरण संकलन, अभिलेख प्रणाली, सम्पत्ति मूल्यांकन, कर असूली तथा कर सहुलियत र जरीवाना सम्बन्धी व्यबस्थाका लागि आवश्यक पर्ने कार्यविधि कार्यपालिकाले स्वीकृत गरी लागु गर्न सक्नेछ ।

११. **भूमिकर (मालपोत)** : (१) नगरपालिकाले आफ्नो क्षेत्रभित्र यस ऐन बमोजिम सम्पत्ति कर लाग्ने घर र जग्गा बाहेकको अन्य जग्गामा मूल्यांकनको आधारमा सभाद्वारा स्वीकृत आर्थिक ऐनले तोकेको दरमा भूमिकर (मालपोत) लगाउने र उठाउनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि नेपाल सरकार, प्रदेश सरकार, स्थानीय सरकार, गुठीको स्वामित्वमा रहेको जग्गा र कूटनीतिक नियोगको नाममा रहेको जग्गामा भूमिकर (मालपोत) लाग्ने छैन ।

(३) नगरपालिकाले यस दफा बमोजिमको मालपोत र दफा १० बमोजिमको सम्पत्ति कर एकै पटक उठाउनेछ ।

(४) उपदफा (१) अनुसार दोहोरो कर नलाग्ने व्यवस्थाको लागि नगरपालिकाले घर भएको जग्गाको भूमिकर (मालपोत) असुलउपर गरेपछि मात्र सम्पत्ति कर असुल गर्नेछ । यसरी सम्पत्ति कर असुल गर्दा घरले चर्चेको जति जग्गामा तिरेको भूमिकर (मालपोत) कट्टा गरी बाँकी रकम सम्पत्ति करको रुपमा असुल गर्नुपर्दछ ।

(५) करदाताले यस दफा बमोजिमको भूमिकर (मालपोत) वार्षिक रुपमा तिर्नुपर्नेछ ।

१२. **व्यवसाय कर** : (१) नगरपालिका क्षेत्रभित्र ब्यापार, व्यवसाय तथा सेवा संचालन गर्न चाहने व्यक्ति वा संस्थाले नगरपालिकामा व्यवसाय दर्ता गरी व्यवसाय इजाजत प्राप्त गर्नुपर्नेछ ।

तर, यो ऐन प्रारम्भ हुनु अगावै नगरपालिकामा दर्ता नगरी संचालन भैरहेका व्यबसायहरु यो ऐन जारी भएका मितिले छ महिनाभित्र यस ऐन बमोजिम नगरपालिकामा दर्ता गराउनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम इजाजत प्राप्त व्यवसायीहरुले वार्षिक रुपमा व्यवसाय कर चुक्ता गरी व्यवसाय नवीकरण गराउनुपर्नेछ ।

(३) नगरपालिकाले आफ्नो क्षेत्रभित्रको व्यापार, व्यबसाय वा सेवालाई पूँजीगत लगानी र आर्थिक कारोबारका आधारमा वर्गीकरण गरी व्यवसाय दर्ता र नवीकरण गर्दा सभाद्वारा स्वीकृत आर्थिक ऐनले तोकेको दरमा व्यबसाय कर लगाउने र उठाउनेछ ।

(४) यस दफा बमोजिमको व्यवसाय कर वार्षिक रुपमा वुझाउनु पर्नेछ ।

(५) करदाताले व्यवसाय सञ्चालन गर्दा निवेदन साथ पेश गरेका विबरणमा हेरफेर, परिवर्तन वा नामसारी गर्नुपर्ने भएमा त्यस्तो परेको मितिले साठी दिनभित्र राजस्व शाखामा जानकारी दिनुपर्नेछ ।

(६) एक पटक व्यवसाय दर्ता भएपछि दर्ता खारेजीको निवेदन नपरेसम्म सो व्यवसाय सञ्चालनमा रहेको मानी कर असूल गरिनेछ ।

(७) कुनै करदाताले व्यबसाय बन्द गर्न चाहेमा यस ऐन बमोजिम लाग्ने कर बुझाई व्यबसाय दर्ता खारेज गरिदिनका लागि निवेदन दिन सक्नेछ ।

(८) व्यबसाय दर्ता, खारेजी, नवीकरण प्रक्रिया तथा व्यवसाय वर्गीकरण एबम् कर असूली, कर सहुलियत तथा जरिवाना सम्बन्धी व्यबस्थाका लागि आवश्यक पर्ने कार्यविधि कार्यपालिकाले स्वीकृत गरी लागु गर्न सक्नेछ ।

१३. **घरजग्गा बहाल कर** : (१) नगरपालिकाले आफ्नो क्षेत्रभित्र कुनै व्यक्तिले आफ्नो स्वामित्वमा रहेको घर, घरको छत, पसल, ग्यारेज, गोदाम, टहरा, सेड (छप्पर), कारखाना, जग्गा वा पोखरी पूरै वा आंशिक तबरले बहालमा दिएकोमा बार्षिक बहाल रकममा घरजग्गा बहाल कर लगाउने र असूल उपर गर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि स्वामित्व कायम नभएको ऐलानी वा पर्ती वा सार्वजनिक जग्गामा बसोवास गर्ने व्यक्तिले आफ्नो घर जग्गा अन्य व्यक्ति वा संस्थालाई वहालमा दिएको वा कुनै जग्गा लिजमा लिई घर बहालमा दिएकोमा समेत नगरपालिकाले यस ऐन बमोजिम घरजग्गा बहाल कर लगाउनेछ ।

(३) उपदफा (२) बमोजिम बहाल कर तिरेको आधारमा मात्र ऐलानी वा पर्ति वा सार्वजनिक जग्गामा बसोवास गर्ने वा त्यस्तो जग्गाको उपयोग गर्ने व्यक्तिको स्वामित्व कायम भएको मानिने छैन र त्यस्तो जग्गा नेपाल सरकार वा अन्य सरकारी निकायबाट प्रचलित कानून बमोजिम खाली गर्ने वा संरचना हटाउने कार्यलाई यस ऐन बमोजिम बहाल कर तिरेको कारणले मात्र कुनै किसिमले बाधा पारेको मानिने छैन ।

(४) उपदफा (१) र (२) बमोजिम लगाइने घरजग्गा बहाल करको दर सभाद्वारा स्वीकृत आर्थिक ऐनमा तोकिए बमोजिम हुनेछ ।

(५) घरजग्गा बहाल करको प्रयोजनको लागि नगरपालिकाले आफ्नो क्षेत्रभित्रको घरजग्गाको व्यापारिक महत्व र उपलब्ध शहरी सेवा सुविधा समेत विचार गरी घर तथा जग्गाको आकार प्रकार र बनौट समेतका आधारमा वर्गीकरण गरी बहालको न्यूनतम दर निर्धारण गर्न सक्नेछ ।

(६) यस दफा बमोजिम दाखिला गर्नुपर्ने घरजग्गा बहाल कर वार्षिक रुपमा वुझाउनु पर्नेछ ।

(७) यस दफा बमोजिमको कर लगाउने प्रयोजनका लागि करदाता पहिचान र दर्ता, विवरण दाखिला, कर निर्धारण, कर दाखिला, असूली पक्रिया, करमा सहुलियत तथा जरिवाना आदिका लागि आवश्यक पर्ने कार्यविधि कार्यपालिकाले स्वीकृत गरी लागु गर्न सक्नेछ ।

१४. **जडिबुटी, कवाडी र जीवजन्तु करः** (१) नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले खोटो, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता वस्तुको व्यवसायिक कारोवार गरेवापत सभाद्वारा स्वीकृत आर्थिक ऐनले तोकेको दरमा जडिबुटी, कवाडी तथा जीवजन्तु कर लगाइने र असूल उपर गरिनेछ ।

***स्पष्टीकरणः*** यस दफाको प्रयोजनको लागि कारोवार भन्नाले विक्रेताले जारी गरेको विल वा वीजक वा लेनदेन भएको जनिने प्रमाणलाई सम्झनुपर्दछ र नगरपालिकाले कर लगाउँदा कारोवार भएको वस्तुको परिमाणको आधारमा कर लगाउनेछ ।

(२) उपदफा (१) बमोजिमका वस्तुको व्यवसायिक कारोवार गर्ने व्यक्ति वा संस्थालाई नगरपालिकाले व्यवसाय इजाजत दिदा कर बुझाउने शर्त र विधि समेत तोकी इजाजत दिनेछ ।

१५. **सवारी साधन कर** : (१) नगरपालिका क्षेत्रभित्रका अटोरिक्सा र विद्युतीय रिक्सामा नगरपालिकाले सभाद्वारा स्वीकृत आर्थिक ऐनमा तोकिएको दरमा सवारी साधन कर लगाउने र उठाउनेछ ।

(२) उपदफा (१) बमोजिम नगरपालिकाले लगाउने भनी तोकिएका सवारी साधनहरुको दर्ता, अनुमति, नवीकरण तथा नियमनका लागि कार्यपालिकाले आवश्यक कार्यविधि वनाई लागु गर्न सक्नेछ ।

(३) यस दफा बमोजिम लगाइएको सवारी कर वार्षिक रुपमा वुझाउनु पर्नेछ ।

१६. **विज्ञापन करः** (१) नगरपालिका क्षेत्रभित्र हुने विज्ञापन, प्रचारप्रसार आदिका लागि राख्न दिने साइनबोर्ड, ग्लोबोर्ड, स्टल आदिमा सभाद्वारा स्वीकृत आर्थिक ऐनले तोकेको दरमा विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ ।

तर, नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारका तर्फबाट राखेका विज्ञापनमा यस ऐन बमोजिमको कर लाग्ने छैन ।

(२) सार्वजनिक स्थलमा यस दफा बमोजिमको विज्ञापन सामग्री राख्न चाहने व्यक्ति वा संस्थाले नगरपालिकाबाट अनुमति लिनु पर्नेछ र विज्ञापन कर निजबाट असूल गरिनेछ ।

***स्पष्टीकरण*** "सार्वजनिक स्थल" भन्नाले व्यक्तिगत स्वामित्वमा रहेको घरको छत भन्दा माथिको क्षेत्रलाई समेत जनाउँदछ ।

(३) उपदफा (२) बमोजिम अनुमतिपत्र दिँदा सर्वसाधारण जनताको हित सम्बन्धी अन्य कुराका अतिरिक्त विज्ञापन राख्न पाउने अवधि, नवीकरण गर्नुपर्ने समय, नवीकरण नगरेमा लाग्ने शुल्क, सौन्दर्य विगार्न नहुने कुरा, सामग्रीको भाषिक शुद्धता र शालीनता जस्ता शर्त किटान गरिएको हुनुपर्नेछ।

(४) कुनै कम्पनी, फर्म, एजेन्सी, संघसंस्था वा व्यक्ति अरु कसैले प्रायोजन गरेको सूचनापाटी (होर्डिंग बोर्ड) राखेमा यस दफा बमोजिमको विज्ञापन कर सम्बन्धित प्रायोजकबाट असूल गरी राजस्व शाखाले तोकेको बैंक खातामा दाखिला गर्नुपर्नेछ ।

(५) व्यापारिक वा व्यावसायिक प्रयोजनका लागि राखिएका विज्ञापनमा लागेको कर छुट वा मिनाहा हुन सक्ने छैन ।

(६) यस दफा बमोजिम नगरपालिकाले उठाएको विज्ञापन कर बापतको रकम स्थानीय विभाज्य कोषमा जम्मा गरी प्रचलित संघीय र प्रदेश कानून बमोजिम सम्बन्धित प्रदेशसंग बाँडफाँट गरिनेछ ।

(७) यस दफा बमोजिमको कर उठाउन आवश्यक पर्ने कार्यविधि कार्यपालिकाले स्वीकृत गरी लागु गर्न सक्नेछ ।

## परिच्छेद -५

## गैरकर राजस्व

१७. **सेवा शुल्क तथा दस्तुर :** (१) नगरपालिकाले निर्माण वा संचालन तथा व्यवस्थापन गरेका स्थानीय पूर्वाधार वा उपलब्ध गराएको देहायको कुनै सेवा उपयोग गरेबापत सम्बन्धित सेवाग्राहीलाई सभाद्वारा स्वीकृत आर्थिक ऐनले तोकेको दरमा सेवा शुल्क, दस्तुर लगाइने र असूल उपर गरिनेछ :

(क) खानेपानी, बिजुली, एम्बुलेन्स, शववाहनर त्यस्तै अन्य सेवा सुविधा,

(ख) फोहोरमैला व्यवस्थापन, सरसफाइ, सडक बत्ती जस्ता सेवा सुविधा,

(ग) शौचालय, अतिथि गृह, पार्क, स्नानगृह, पौडी पोखरी, व्यायामशाला, वस पार्क, छात्रावास, हाटबजार, पशु बधशाला, शबदाहगृह, धोवीघाट र त्यस्तै अन्य सुविधा,

(घ) अचल सम्पत्ति वा अन्य कुनै विषयको मूल्याङ्कन सम्बन्धी सेवा,

(ङ) नगरपालिकाले प्रदान गर्ने न्यायिक सेवा, सिफारिश, प्रमाणित, इजाजत सम्बन्धी सेवा,

(२) नगरपालिकाले सहकारी संस्था, एफ.एम. रेडियो, स्थानीय पत्रपत्रिका, “घ” बर्गको निर्माण व्यबसायी इजाजत, सहकारी दर्ता अनुमति, कृषक समूह दर्ता अनुमति, विद्यालय स्थापना, ट्युसन तथा कोचिङ्ग सेन्टर, औषधी पसल, स्थानीय व्यापारिक फर्मको दर्ता अनुमति, घरेलु तथा साना उद्योगहरुको दर्ता अनुमति, टावर राख्न अनुमति, आदि सेवामा सभाद्वारा स्वीकृत आर्थिक ऐनले तोकेको दरमा सेवा शुल्क दस्तुर लगाउने र उठाउनेछ ।

१८. **सवारी साधन पार्किङ्ग शुल्क:** नगरपालिकाले आफ्नो क्षेत्रभित्र तोकेको पार्किङ्ग स्थलमा सवारी साधनलाई पार्किङ्ग सुविधा उपलब्ध गराएवापत पार्किङ्ग गर्ने समयको आधारमा सभाद्वारा स्वीकृत आर्थिक ऐनले तोकेको दरमा पार्किङ्ग शुल्क लगाइने र असूल उपर गरिनेछ ।

तर, राजमार्ग तथा सहायक राजमार्गको सडक अधिकार क्षेत्रभित्र यस दफाबमोजिम सवारी पार्किङ्ग गराइने र शुल्क लगाइने छैन ।

(२) नगरपालिकाले उपदफा (१) बमोजिम तोकेको स्थानबाहेक अन्य स्थानमा सवारी पार्किङ्ग गर्न रोक लगाउन सक्नेछ ।

(३) नगरपालिकाले सवारी पार्किङ्ग क्षेत्र निर्धारण गर्दा सवारी आवागमनमा बाधा नपुग्ने गरी ट्राफिक प्रहरी कार्यालयसंगको समन्वयमा गर्नेछ ।

१९. **बिक्री** : (१) नगरपालिकाले आफ्नो क्षेत्रभित्रको खोलानाला वा अन्य सार्वजनिक स्थलवाट वाताबरणीय प्रभाव मूल्यांकन तथा प्रारम्भिक वाताबरणीय परीक्षणबाट तोकिएको परिमाणमा उत्पादन हुने बालुवा एबम् माटोजन्य वस्तुहरु प्रदेशको आर्थिक ऐनमा तोकेको दरमा नघटने गरि सभाद्वारा स्वीकृत आर्थिक ऐनले तोकेको दरमा बिक्री गर्न सक्नेछ र सभाले नतोकेको अवस्थामा प्रदेश आर्थिक ऐनले तोकेको दरमा बिक्री गर्न बाधा हुने छैन ।

(२) उपदफा (१) बमोजिमका वस्तुहरु बिक्रीको लागि बिक्री परिमाण तथा न्यूनतम दर निर्धारण गरी वोलपत्र, दरभाउपत्र वा डाँक बढावढ माध्यमवाट सो नभएमा घाटगद्धि गरी तोकिएको दरमा आफैले बिक्री गर्न सक्नेछ ।

(३) नगरपालिकाले आफ्नो क्षेत्रभित्र प्रचलित कानून बमोजिम स्वीकृति लिई निजी स्वामित्वको जग्गामा संचालित खानीबाट वाताबरणीय प्रभाव मूल्यांकन वा प्रारम्भिक वाताबरणीय परीक्षणले तोकेको परिमाणमा गरिने बालुवा तथा माटोजन्य वस्तुको उत्खनन, संकलन वा विक्रीमा सभाद्वारा स्वीकृत आर्थिक ऐनले तोकेको दरमा बिक्री गर्न सक्नेछ र सभाले नतोकेको अवस्थामा प्रदेश आर्थिक ऐनले तोकेको दरमा बिक्री गर्न बाधा हुने छैन ।

(४) नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक तथा ऐलानी जग्गामा रहेका काठ, दाउरा, जराजुरी, दहत्तर बहत्तर आदि विक्री गर्न सक्नेछ ।

(५) नगरपालिकाले आफ्नो स्वामित्वमा रहेका प्रयोगमा नआउने पुराना र काम नलाग्ने वस्तु, उपकरण तथा सामानहरु कार्यपालिकाको निर्णयबमोजिम लिलाम विक्री गर्न सक्नेछ ।

(६) नगरपालिकाले नागरिकको सुविधाको लागि विभिन्न फाराम, पुस्तक, घर नम्वर प्लेट, नक्शा वा अन्य सेवाहरु सभाद्वारा स्वीकृत आर्थिक ऐनले तोकेको दरमा विक्री गर्न सक्नेछ ।

(७) यस दफा बमोजिम विक्री तथा संकलन शुल्क वापत प्राप्त रकम नगरपालिकाको सञ्चित कोषमा वा कानून वमोजिम बिभाज्य कोषमा जम्मा गर्नुपर्नेछ ।

२०. **बहाल विटौरी शुल्क** : (१) नगरपालिकाले आफ्नो स्वामित्वमा रहेको वा आफुले निर्माण, रेखदेख वा सञ्चालन गरेको पोखरी, हाटबजार, प्रदर्शनीस्थल वा मेला वा जात्रामा अस्थायी अनुमति दिएका घर पसल तथा सार्वजनिक, पर्ति वा ऐलानी जग्गामा बनेका संरचनाको उपयोग बापत सभाद्वारा स्वीकृत आर्थिक ऐनले तोकेको दरमा बहाल विटौरी शुल्क लगाई उठाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम बहाल विटौरीमा दिंदा अवधी तोकी शर्त सहित सम्झौता गरी दिनुपर्नेछ ।

(२) यस दफा बमोजिम नगरपालिकालाई बहाल विटौरी शुल्क बुझाएकै आधारमा मात्र त्यस्तो घर जग्गा वा सम्पत्ति उपर सोको उपयोग गर्ने व्यक्तिको कुनै किसिमले स्वामित्व कायम भएको

मानिनेछैन र नगरपालिका वा प्रचलित कानूनबमोजिम अधिकारप्राप्त निकायले त्यस्तो घर जग्गा वा सम्पत्ति जुनसुकै बखत खाली गर्न यस व्यबस्थाले बाधा पुर्‍याएको मानिनेछैन ।

२१. **सम्पत्ति भाडा/वहाल** : (१) नगरपालिकाको आफ्नो स्वामित्वमा रहेको भवन, जग्गा, पोखरी, मेसिनरी साधन, उपकरण आदिमा आर्थिक ऐनले तोकेको भन्दा कम नहुने गरी भाडा वा बहालमा दिई आय आर्जन गर्न सक्नेछ ।

(२) नगरपालिका क्षेत्रभित्र गुठी संस्थानको स्वामित्वमा रहेका पोखरी, हाटबजार तथा अन्य सम्पत्तिहरु परिचालनका लागि नगरपालिकाले गुठी संस्थानसंग संझौता गरी संझौताअनुसार आय आर्जनको लागि त्यस्ता सम्पत्तिको व्यवस्थापन गर्न सक्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम ६ महिना भन्दा बढी अवधिको लागि भाडा वा वहालमा दिंदा प्रतिस्पर्धात्मक पद्धति अपनाई भाडा वा बहालमा दिनु पर्नेछ ।

## परिच्छेद - ६

## छुट, जरिवाना र ब्याज (हर्जाना) सम्बन्धी व्यबस्था

२२. **छुट वा सहुलियत** : (१) नगरपालिकाले प्राकृतिक विपद्, महामारी वा यस्तै विशेष अवस्थामा यस ऐनबमोजिम लागेको कर राजस्वका आधार र कारण खुलाई आर्थिक ऐनमा व्यवस्था गरी आंशिक वा पूर्ण रूपमा छुट दिन वा अन्य किसिमका सहुलियत दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको छुट वा मिनाहा दिँदा सवै करदातालाई समान व्यवहार गरिनेछ ।

(३) वार्षिक रुपमा बुझाउनुपर्ने कर, गैर कर तथा ठेक रकम अग्रिम रुपमा वा पहिलो चौमासिकभित्र बुझाएमा लाग्ने रकममा दिइने छुटको दर आर्थिक ऐनले तोकेबमोजिम हुनेछ ।

(४) महिला, अशक्त तथा अति विपन्न वर्गलाई प्रोत्साहित गर्न तथा नगरको व्यवस्थित विकासमा प्रोत्साहन हुने गरी निर्माण कार्य गराउन कर तथा गैर करमा आर्थिक ऐनले तोके बमोजिमको दरमा छुट दिन सकिनेछ ।

(५) संघीय सरकार, प्रदेश सरकार स्थानीय सरकार, कुटनीतिक नियोग, गुठी र लाभको उद्देश्य नराखी सञ्चालन हुने संघ संस्थाको सम्पत्ति, वस्तु तथा कारोवारमा यस ऐन बमोजिमको कर लिईने छैन ।

*स्पष्टीकरणः लाभको उद्देश्य नराखी सञ्चालन हुने संघसंस्था भन्नाले सामुदायिक अस्पताल तथा स्वास्थ्य केन्द्र विश्वविद्यालय र सो विश्वविद्यालयबाट सम्बन्धन प्राप्त सामुदायिक तथा सरकारी कलेजहरु, सरकारी वा सामुदायिक विद्यालयहरु सार्वजनिक पुस्तकालय, वाचनालाय, बालगृह अनाथाश्रम, वृद्धाश्रम जस्ता सामाजिक संघ संस्था सम्झनु पर्दछ।*

२३. **मिनाहा** : (१) नगरपालिकाले प्राकृतिक विपद्, महामारी वा यस्तै विशेष अवस्थामा यस ऐनबमोजिम लाग्ने वा लागेको गैरकर राजस्व आधार र कारण खुलाई कार्यपालिकाको निर्णयको आधारमा आंशिक वा पूर्ण रूपमा मिनाहा गर्न सक्नेछ ।

(२) उपदफा (१) कमोजिमको मिनाहा दिँदा समान अवस्थाका सवै करदातालाई समान व्यवहार गरिनेछ ।

(३) उपदफा (१) बमोजिम गैरकर राजस्व मिनाहा दिएको विवरण सभाको बैठक चलेको समयमा सभामा र सभाको बैठक नचलेको समयमा त्यसपछि वस्ने सभाको पहिलो वैठकमा पेश गर्नुपर्नेछ ।

२४. **जरिवाना लाग्ने** : (१) नगरपालिकाको स्वीकृति बेगर शहरी सुव्यबस्थामा प्रतिकूल असर पर्ने गरी कानून विपरीत चौपाया खुल्ला रुपमा छोड्ने, सडकपेटी अतिक्रमण गर्ने, आवागमनमा अवरोध गर्ने, निर्माण सामग्री सडक वा सार्वजनिक स्थलमा जथाभावी थुपार्ने, वायु तथा ध्वनि प्रदुषण गर्ने, जथाभावी फोहोरमैला निष्काशन गर्ने, निषेधित क्षेत्रमा सवारी पार्किङ्ग तथा पसल व्यवसाय गर्ने व्यक्तिलाई सभाद्वारा स्वीकृत आर्थिक ऐनमा तोकिएबमोजिम जरिवाना लगाई असूल उपर गरिनेछ ।

(२) नगरपालिकाको इजाजत वा स्वीकृति लिई गर्नुपर्ने कार्यहरु जस्तो भवन निर्माण, प्राकृतिक स्रोत साधन उत्खनन गर्ने कुनै व्यक्ति वा संस्थाले स्वीकृति नलिई गरेको पाइएमा सभाद्वारा स्वीकृत आर्थिक ऐनमा तोकिए बमोजिमको जरिवाना लगाई असूल उपर गरिनेछ ।

२५. **ब्याज (हर्जाना) लाग्ने** : कुनै करदाताले यस ऐन बमोजिम लाग्ने कर, दस्तुर, सेवाशुल्क समयमा दाखिला नगरेमा अन्यत्र व्याज (हर्जाना) तोकिएकोमा सोहीबमोजिम र नतोकिएको हकमा तिर्नु बुझाउनु पर्ने रकमको वार्षिक वार्षिक पन्ध्र प्रतिशतका दरले व्याज (हर्जाना) लाग्नेछ ।

२६. **समयमा विवरण दाखिला नगरेमा जरिवाना लाग्ने** : यस ऐन तथा अन्य प्रचलित कानून बमोजिम बिवरण दाखिला गर्नुपर्ने वा नविकरण गराउने दायित्व भएको व्यक्ति वा संघसंस्थालाई आर्थिक ऐनले तोकेबमोजिम जरिवाना असुल उपर गरी विवरण दर्ता वा नवीकरण गरिनेछ ।

२७. **झुट्टा विवरण दिएमा जरिवाना लाग्ने** : यस ऐन तथा प्रचलित कानून बमोजिम विबरण दाखिला गर्नुपर्ने दायित्व भएका करदाताले कर छल्ने नियत लिई झुट्टा वा अधुरो विवरण दाखिला गरेमा नियमानुसार लाग्ने करको आधा रकम जरिवाना सहित लाग्ने कर निजबाट असूल गरिनेछ ।

२८. **व्याज (हर्जाना) नलाग्ने** : यस ऐन बमोजिम लाग्ने शुल्क, व्याज (हर्जाना) र जरिवानामा व्याज (हर्जाना) लाग्ने छैन ।

## परिच्छेद - ७

## करदाता दर्ता सम्वन्धी व्यवस्था

२९. **करदाताको पहिचान तथा दर्ता** : (१) राजस्व शाखाले यस ऐन बमोजिम कर तिर्नुपर्ने व्यक्ति वा करदाताको पहिचान गर्नु पर्नेछ ।

(२) राजस्व शाखाले यस ऐन बमोजिम कर तिर्नुपर्ने दायित्व भएका करदाताको विवरण खुलाई करदाता दर्ता गरी प्रत्येक करदातालाई निश्चित पहिचान नम्वर प्रदान गरी ब्यक्तिगत अभिलेखमा दर्ता गरी राख्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम करदाताको पहिचान नम्बर प्रदान गर्दा करदाताले नगरपालिकालाई प्रचलित कानून बमोजिम तिर्नु बुझाउनु पर्ने सबै करको लागि एउटै करदाता पहिचान नम्बर कायम गर्ने व्यबस्था मिलाउन सकिनेछ ।

३०. **करदाताको दायित्व** : यस ऐन बमोजिम कर तिर्नुपर्ने कर्तब्य भएका करदाताको देहाय बमोजिमको दायित्व हुनेछ :

(क) आफूलाई करदाताको रुपमा दर्ता गराउने,

(ख) निर्धारित समयमा विबरण पेश गर्ने,

(ग) निर्धारित समयमा कर दाखिला गर्ने,

(घ) यस ऐन बमोजिम कुनै शुल्क, जरिवाना वा व्याज बुझाउनुपर्ने भए समयमा बुझाउने,

(ङ) हिसाव किताव, अभिलेख दुरुस्त राख्ने,

(च) कर अधिकृतले मागेको सूचना तथ्यांक समयमा उपलब्ध गराउने,

(छ) कर संकलन कार्यमा नगरपालिकालाई आवश्यक सहयोग गर्ने ।

३१. **करदाताको अधिकारः** (१) यस ऐन बमोजिम कर तिर्नुपर्ने कर्तब्य भएका करदातालाई देहाय बमोजिमको अधिकार हुनेछ :

(क) सम्मानपूर्वक व्यवहार प्राप्त गर्ने अधिकार,

(ख) कर सम्बन्धी सूचना प्राप्त गर्ने अधिकार,

(ग) कर सम्बन्धी विषयमा प्रमाण पेश गर्ने मौका प्राप्त गर्ने अधिकार,

(घ) प्रतिरक्षाको लागि कानुन व्यवसायी वा लेखापरीक्षक नियुक्त गर्ने अधिकार,

(ङ) यस ऐनमा उल्लेख भए बाहेक कर सम्बन्धी सूचना, तथ्यांक र विबरणको गोपनीयता रहने अधिकार ।

३२. **करदाताको प्रतिनिधित्व** : (१) करदाताको प्रतिनिधित्व करदाताको परिवारको उमेर पुगेको सदस्य, माथवर व्यक्ति वा निजको कानून व्यवसायी वा लेखापाल वा लेखापरीक्षक वा निजले लिखित रुपमा अख्तियारी दिई पठाएको उमेर पुगेको वारेशले गर्न सक्नेछ ।

***स्पष्टीकरण*** *: यस दफाको प्रयोजनको लागि उमेर पुगेको भन्नाले अठार वर्ष उमेर पुगेको व्यक्ति सम्झनु पर्छ ।*

(२) उपदफा (१) बमोजिम प्रतिनिधित्व गर्नसक्ने व्यक्तिका तर्फबाट गरिएका काम कारबाही करदाता स्वयम्ले गरेको मानिनेछ ।

## परिच्छेद - ८

## विवरण दाखिला सम्बन्धी व्यबस्था

३३. **विवरण दाखिला गर्न आदेश दिन सक्ने** : (१) यस ऐनबमोजिम कर बुझाउनुपर्ने दायित्व भएको व्यक्तिले कर विबरण नबुझाएमा वा विबरण दाखिला गर्दा व्यहोरा फरक पारी दाखिला गरेको भनी शंका गर्न सकिने आधार र कारण भएमा कर अधिकृतले आधार र कारण खोली कर विबरण दाखिला गर्न आदेश दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम आदेश प्राप्त भएमा सम्बन्धित व्यक्तिले सो आदेश प्राप्त भएको मितिले तीस दिनभित्र राजस्व शाखामा विवरण दाखिला गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको म्यादभित्र विवरण दाखिला गर्न नसक्ने सम्बन्धित व्यक्तिले आधार वा कारण खोली समयावधि थपको लागि निवेदन दिएमा प्रमुख प्रशासकीय अधिकृतले औचित्य हेरी तीस दिनसम्मको समयावधि थपिदिन सक्नेछ ।

३४. **विवरण सच्याउन सकिने** : (१) यस परिच्छेद बमोजिमको विवरण दाखिला भैसकेपछि कुनै तथ्य सम्बन्धी वा गणितीय भूल भएको भन्ने लागेमा करदाताले सोसम्बन्धी तथ्य वा प्रमाण संलग्न गरी पहिलो बिवरण दाखिला गरेको तीन महिनाभित्र प्रमुख प्रशासकीय अधिकृत समक्ष निवेदन पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम पर्न आएको निबेदन उपर प्रमुख प्रशासकीय अधिकृतले आवश्यक जाँचबुझ गर्न लगाई व्यहोरा मनासिव ठहर गरेको अवस्थामा तीस दिनभित्र विवरण सच्याउने स्वीकृति दिन सक्नेछ ।

## परिच्छेद - ९

## कर निर्धारण

३५. **कर निर्धारण** : (१) करदाताले पेश गरेको विवरण र आर्थिक ऐनले गरेको व्यवस्था वमोजिम कर अधिकृतले प्रत्येक करदाताले तिर्नुपर्ने करको निर्धारण गर्नुपर्दछ ।

(२) यस ऐन बमोजिम करदाताले विबरण पेश नगरेको अवस्थामा कर अधिकृतले अनुमानका आधारमा कर निर्धारण गरी करदातालाई जानकारी दिन सक्नेछ ।

(३) करदाता तथा करको आधारको अभिलेख राख्ने तथा कर निर्धारणको लागि नरपालिकाले कम्प्युटर सफ्टवयर प्रणालीलाई प्रयोगमा ल्याउन सक्नेछ ।

(४) उपदफा (३) बमोजिमको कार्यको लागि सम्भव भएसम्म नेपाल सरकार वा प्रदेश सरकारले विकास गरेको वा स्वीकृत गरेको सफ्टवयरलाई प्रयोगमा ल्याउनु पर्दछ ।

३६. **कर निर्धारणको सूचना** : (१) यस ऐन वमोजिम कर निर्धारण भएको सूचना प्रत्येक आर्थिक बर्षको पहिलो चौमासिक भित्र सम्वन्धित करदाताहरुलाई दिनुपर्दछ र यस्तो सूचना बिजक जारी गरी वा पत्र मार्फत वा इमेल वा एसएमएसवाट दिन सकिनेछ ।

## परिच्छेद - १०

## कर सूचना तथा कर दाखिला सम्बन्धी व्यबस्था

३७. **कर रकमको जानकारी दिने** : (१) आर्थिक ऐनको व्यवस्था बमोजिम करदाताले तिर्नुपर्ने कर रकम निर्धारण गरी करदाताहरुलाई सोको अग्रिम जानकारी दिने दायित्व राजस्व शाखाको हुनेछ ।

(२) करदाताहरुलाई तिर्नुपर्ने कर रकमको जानकारी दिन राजस्व शाखाले पत्राचार वा सूचना प्रविधिका अन्य माध्यमहरुलाई प्रयोगमा ल्याउन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम कर निर्धारणको सूचना प्राप्त भएपछि करदाताले सो सूचनामा उल्लिखित समय सीमाभित्र कर दाखिला गर्नुपर्नेछ र समय भन्दा पहिले दाखिला गरेमा आर्थिक ऐन बमोजिम छुट दिनुपर्नेछ ।

३८. **कर दाखिला गर्नुपर्ने** : (१) यस ऐन बमोजिम दाखिला गर्नुपर्ने कर सम्बन्धित परिच्छेदहरुमा समय उल्लेख गरिएकोमा सोही समय सीमाभित्र र समय उल्लेख नभएको हकमा प्रत्येक आर्थिक वर्षभित्र राजस्व शाखा वा नगरपालिकाले तोकेको स्थानमा दाखिला गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम कर दाखिला प्रयोजनको लागि करदाताले अनलाइन सेवा वा बैंक मार्फत नगरपालिकाले तोकिदिएको बैंक खातामा कर रकम दाखिला गर्न सक्नेछ ।

३९. **कर दाखिलाको निस्सा दिनुपर्ने** : करदाताले यस ऐन बमोजिम बुझाउनुपर्ने कर वा गैरकर राजस्व वा अन्य रकम बुझि लिए पछि राजस्व शाखाले तत्काल त्यसको निस्सा दिनुपर्नेछ ।

४०. **किस्ताबन्दीमा कर असूली** : कुनै खास करदाताका हकमा विशेष परिस्थितिमा समयमा कर तिर्न नसक्ने अवस्था सिर्जना भई जिन सो कुराको निवेदन गर्न आएमा र कर अधिकृतले जाँचबुझ गर्दा कारण मनासिव देखिएमा पर्चा खडा गरी प्रमुख प्रशासकीय अधिकृतको आदेश अनुरुप बढीमा एक बर्षभित्र तीन किस्तासम्ममा कर दाखिला गर्न आदेश दिन सकिनेछ ।

४१. **कर असुली सम्बन्धी थप व्यबस्था** : (१) यस ऐन बमोजिम असूल उपर गर्नुपर्ने कर तथा गैर कर राजस्व बापतको रकम करदाताले यस ऐनमा तोकिएको अवधिमा दाखिला नगरेमा कर अधिकृतले प्रमुख प्रशासकीय अधिकृतको पूर्व स्वीकृति लिई देहायको एक वा एकभन्दा बढी तरिका अपनाई त्यस्तो राजस्व असूल गर्न सक्नेछ :

(क) करदातालाई फिर्ता गर्नुपर्ने भए त्यसमा कट्टी गरेर ।

(ख) नेपाल सरकार, प्रदेश सरकार, स्थानीय सरकार वा सरकारी स्वामित्वका संघसंस्थाबाट करदाताले पाउने रकमबाट कट्टी गर्न लगाएर ।

(ग) बैंक वा वित्तीय संस्थामा रहेको करदाताको रकमबाट कट्टी गर्न लगाएर ।

(घ) करदाताको कारोबार रोक्का गरेर ।

(ङ) करदाताको चल तथा अचल सम्पत्ति दाबी वा कब्जा गरेर ।

(च) करदाताको सम्पत्ति एकैपटक वा पटकपटक गरी तोकिए बमोजिम लिलाम बिक्री गरेर ।

(२) उपदफा (१) को खण्ड (च) बमोजिम लिलामको कारवाही शुरु भएपछि सो कारवाही समाप्त हुनुपूर्व कर दाखिला गर्न ल्याएमा बुझाउन बाँकी कर तथा जरिवाना रकममा थप पाँच प्रतिशत शुल्क सहित असूल गरिनेछ ।

(३) लिलामबाट प्राप्त रकम करदाताले तिर्नुपर्ने कर रकम भन्दा बढी भएमा बढी भएजति रकम साठी दिनभित्र सम्बन्धित करदातालाई फिर्ता दिनुपर्नेछ ।

(४) उपदफा (३) बमोजिम रकम फिर्ता गर्दा निजले उपलब्ध गराएको बैंक खातामा जम्मा गरिदिनुपर्नेछ ।

(४२) **कर परीक्षण :** (१) यस ऐन वमोजिम करदाताले विबरण पेश गरेको विबरण अनुसार निर्धारण गरिएको कर रकममा शंकालागेमा प्रमुख प्रशासकीय अधिकृतले तोकेको एक तह माथिको कर अधिकृतले निम्न विषयहरुको परीक्षण गरी पुनः कर निर्धारण गर्न सक्नेछ :

(क) खातापाता, हरहिसाव वा अभिलेख सही भए, नभएको,

(ख) गलत वा झुठो कागजात र विवरण भए, नभएको,

(ग) कर वा शुल्क निर्धारण सहि तरिकाले भए, नभएको,

(घ) बक्यौता तथा सोमा लाग्ने जरिवानाको हरहिसाव सहि तरिकाले भए, नभएको,

(ङ) कर छुट वा मिनाहा सहि रुपमा भए, नभएको,

(च) निर्धारण गरिएको रकम दाखिला भए, नभएको ।

(२) उपदफा (१) बमोजिम पुनः कर निर्धारण भएमा कर अधिकृतले करदातालाई आधार र कारण खुलाई आफ्नो स्पष्टीकरण पेश गर्न तीस दिनको सूचना दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम सूचना प्राप्त भएकोमा करदाताले सूचनामा तोकिएको म्यादभित्र आफ्नो स्पष्टीकरण पेश गर्नु पर्नेछ ।

(४) कर अधिकृतले उपदफा (३) बमोजिम तोकिएको म्यादभित्र स्पष्टीकरण पेश गरेकोमा सो समेतलाई आधार मानी तथा स्पष्टीकरण पेश नगरेको अवस्थामा कानून बमोजिम कर निर्धारण गर्नु पर्नेछ ।

## परिच्छेद - ११

## कर फिर्ता र समायोजन

४३. **कर फिर्ता सम्वन्धी व्यबस्था :** (१) करदाताले यस ऐनबमोजिम कर बुझाउँदा तिर्नुपर्ने भन्दा बढी कर दाखिला गरेकोमा सो कर रकम फिर्ता माग गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम कर फिर्ताको लागि परेको निवेदनको व्यहोरा साँचो ठरिएमा कर अधिकृतले प्रमुख प्रशासकीय अधिकृतको स्वीकृति लिई निवेदन परेको एक महिनाभित्र माग बमोजिम कर फिर्ता दिनुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम कर फिर्ताको लागि खर्चतर्फ सम्बन्धित शीर्षकमा बजेटको व्यवस्था वा अन्य चालु खर्च शीर्षकवाट रकमान्तर गरी बजेटको व्यवस्था गर्नु पर्नेछ ।

४४. **कर समायोजन सम्वन्धी व्यवस्था :** (१) करदाताले दफा ४३ बमोजिम फिर्ता पाउने ठहरिएको रकम दाखिला गर्नुपर्ने कर रकममा समायोजन गर्न कर अधिकृत समक्ष निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त हुन आएको निवेदनको व्यहोरा साँचो देखिएमा कर अधिकृतले प्रमुख प्रशासकीय अधिकृतको स्वीकृति लिई निवेदन प्राप्त भएको एक महिनाभित्र माग बमोजिम कर समायोजन गर्ने आदेश दिनु पर्नेछ ।

## परिच्छेद - १२

## प्रशासकीय पुनरावलोकन र पुनरावेदन

४५. **प्रशासकीय पुनरावलोकन हुन सक्ने :** यस ऐन बमोजिमका देहायका निर्णयमाथि प्रशासकीय पुनरावलोकन हुन सक्नेछ :

(क) कर अधिकृतले गरेको कर निर्धारण, पुनः कर निर्धारण र संशोधित कर निर्धारण सम्बन्धी निर्णय ।

(ख) यस ऐनबमोजिम लाग्ने वा लागेको कर र गैरकर राजस्व तथा अन्य दस्तुर, शुल्क, जरिवाना, हर्जाना सम्बन्धी निर्णय ।

४६. **प्रशासकीय पुनरावलोकनको प्रक्रिया :** (१) यस ऐन वबमोजिमको कर निर्धारणको निर्णय उपर चित्त नबुझ्ने करदाताले सो सूचना पाएको मितिले तीस दिनभित्र प्रमुख प्रशासकीय अधिकृत समक्ष प्रशासकीय पुनरावलोकनका लागि निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रशासकीय पुनरावलोकनको लागि परेको निवेदन माथि तीस कार्यदिन भित्र कारबाही र किनारा गर्नुपर्नेछ ।

(३) यस दफाबमोजिम प्रशासकीय पुनरावलोकनका लागि निवेदन दिने व्यक्तिले विवादित बाँकी करको एक तिहाइ रकम धरौटी राख्नुपर्नेछ ।

(४) उपदफा (३) बमोजिम राखिएको धरौटी पुनरावलोकन पक्रिया समाप्त भएपछि तिर्नुपर्ने करमा समायोजन गर्न वा तिर्न नपर्ने भएमा सम्बन्धित करदातालाई फिर्ता दिइनेछ ।

४७. **पुनरावेदन दिन सक्ने** : प्रशासकीय पुनरावलोकनको निर्णय भएकोमा त्यस्तो निर्णय भएको मितिले साठी दिनभित्र चित्त नबुझ्ने पक्षले प्रचलित कानून बमोजिम पुनरावेदन दिन सक्नेछ ।

## परिच्छेद - १३

## समन्वय सम्बन्धी व्यबस्था

४८. **नेपाल सरकार सँग समन्वय** : (१) नगरपालिकाले संघीय कानून वा यस ऐन बमोजिम असूल उपर गर्नुपर्ने कर वा गैरकर राजस्व असूल गर्न एकद्वार प्रणाली अपनाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको एकद्वार प्रणाली अपनाउन नगरपालिका वा सोको अधिकार प्राप्त अधिकारी वा कर अधिकृतले नेपाल सरकार वा नेपाल सरकारले सो प्रयोजनका लागि अधिकार सुम्पेको अधिकृतसँग समन्वय गरी आवश्यक व्यबस्था गर्न सक्नेछ ।

(३) नगरपालिकाले संविधानको साझा सूचीमा रहेका विषयसँग सम्बन्धित कर वा गैरकर राजस्वका आधार र दर वा कर प्रशासनसंग सम्बन्धित विषयमा नेपाल सरकारसँग समन्वय गर्न सक्नेछ ।

(४ ) उपदफा (२) र (३) बमोजिमको व्यबस्था अन्तरगत समन्वय गरी टुंगोमा पुर्याएका विषयहरु यस ऐनमा परेसरह मानिनेछ र ती व्यबस्थाका हकमा यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि सोहीअनुसार कार्यान्वयन गर्नुपर्नेछ ।

४९. **प्रदेश सरसकारसँग समन्वय** : (१) नगरपालिकाले प्रदेश कानून वा यस ऐन बमोजिम असूल उपर गर्नुपर्ने कर वा गैरकर राजस्व असूल गर्न एकद्वार प्रणाली अपनाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको एकद्वार प्रणाली अपनाउन नगरपालिका वा सोको अधिकारप्राप्त अधिकारी वा कर अधिकृतले प्रदेश सरकार वा प्रदेश सरकारले सो प्रयोजनका लागि अधिकार सुम्पेको अधिकृतसँग समन्वय गरी आवश्यक व्यवस्था गर्न सक्नेछ ।

(३) नगरपालिकाले संविधानको साझा सूचीमा रहेका विषयसँग सम्बन्धित कर वा गैरकर राजस्वका आधार र दर वा कर प्रशासनसंग सम्बन्धित विषयमा प्रदेश सरकारसँग समन्वय गर्न सक्नेछ।

(४) उपदफा (२) र (३) बमोजिमको व्यवस्था अन्तरगत समन्वय गरिएका विषयहरु यस ऐनमा परेसरह मानिनेछ र ती व्यबस्थाका हकमा यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि सोहीअनुसार कार्यान्वयन गर्नुपर्नेछ ।

४०. **केन्द्रीय बैंक सँग समन्वय** : नगरपालिकाले कर र गैरकर राजस्व संकलनका सम्बन्धमा केन्द्रीय बैंक ( नेपाल राष्ट बैंक) सँग समन्वय गरी आवश्यक व्यबस्था गर्न सक्नेछ ।

४१. **अन्य निकाय, कार्यालय र संघसंस्थासँग समन्वय** : नगरपालिका वा सोको अधिकारप्राप्त अधिकृतले कर तथा गैरकर राजस्वसँग सम्बन्धित विषयमा नेपाल सरकार र प्रदेश सरकार अन्तरगतका सरकारी निकाय, बैंक वा संघसंस्थासँग आवश्यक समन्वय गर्न सक्नेछ ।

## परिच्छेद - १४

## आय ठेक्का सम्वन्धी व्यवस्था

५२. **आयठेक्का सम्बन्धी व्यबस्था** : (१) नगरपालिकाले कर संकलन गर्ने कार्यका लागि ठेक्का बन्दोबस्त गरिने छैन ।

तर, हाटवजार, जडिबुटी, कवाडी र जीबजन्तु कर तथा विज्ञापन कर जस्ता करहरु संकलन गर्न ठेक्का बन्दोबस्त नै गर्नुपर्ने अवस्थामा कार्यपालिकाको निर्णय गराई ठेक्का बन्दोबस्त गर्न सकिनेछ ।

(२) यस ऐन बमोजिम संकलन गर्ने सेवा शुल्क र दस्तुर र बिक्रीको लागि कार्यपालिकाले आवश्यकताअनुसार एक आर्थिक वर्षको लागि आय ठेक्का बन्दोवस्त गरी संकलन गर्न सक्नेछ ।

तर, आन्तरिक आय वृद्धि हुने देखिएमा वा पटक पटक ठेक्का बन्दोबस्त गर्दा प्रशासनिक दायित्व बढ्न जाने अवस्थामा कार्यपालिकाले निर्णय गरी बढीमा पांच वर्षसम्मको लागि एकैपटक ठेक्का बन्दोबस्त गर्न यस व्यबस्थाले बाधा परेको मानिने छैन ।

(३) यस दफाबमोजिमको आय ठेक्का दिदा आन्तरिक राजस्व कार्यालयबाट स्थायी लेखा नम्बर वा मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त गरेका व्यक्ति, फर्म, संस्था वा कम्पनीले मात्र प्रतिस्पर्धा गर्ने गरी व्यबस्था मिलाउनुपर्नेछ ।

(४) नगरपालिकाले सामान्यतया आर्थिक वर्ष शुरु हुनुभन्दा अगावै आय ठेक्का बन्दोवस्त गरी ठेक्का सम्झौता कार्य सम्पन्न गरिसक्नु पर्नेछ ।

(५) माथि जुन सुकै कुरा उल्लेख भएतापति नगरपालिकाको आफ्नो स्वामित्वमा रहेको हाटबजार, भवन, जग्गा, पोखरी, मेसिनरी साधन, उपकरण आदिमा आर्थिक ऐनले तोकेको भए तोके भन्दा कम नहुने गरी नतोकेको भए राजश्व परामर्श समितिले तोकेको ५ बर्ष भित्रका रु. ५ लाख सम्मको आय संकलन सोझै वार्ता द्धारा दिन सक्ने छ ।

५३. **पट्टा दिने र कबुलियत गराउने** : (१) दफा ५२ को ४ बमोजिम आन्तरिक आय उठाउने ठेक्का आय ठेक्काको संझौता भै सकेपछि ठेक्काका शर्त सहित अवधि खोली पट्टा वा चलन पूर्जी दिनु पर्नेछ ।

(२) ठेक्का संझौतामा ठेक्का तोड्न सकिने अवस्था तथा सो अवधिसम्मको हरहिसाब गर्ने ब्यवस्था उल्लेख गर्नुपर्दछ ।

(३) ठेक्का संझौता गर्दा ठेकेदारसंग तोकिएबमोजिमको धरौटी लिनुपर्दछ ।

५४. **ठेक्का तोड्ने** : (१) ठेकदारले संझौता तथा पट्टा कबुलियतको कुनै शर्त बर्खिलाप हुने गरी काम गरेको अवस्थामा वाहेक ठेक्काको अवधि भुक्तान नहुँदै बीचैमा कुनै ठेक्का तोड्न वा छोड्न हुँदैन ।

(२) ठेकेदारले संझौताबमोजिम रकम दाखिला नगरेमा वा पट्टा कबुलियतको बर्खिलाप हुने गरी काम गरेको पाइएमा एक महिनाको अग्रिम सूचना दिई नगरपालिकाले ठेक्का तोड्न सक्नेछ ।

(३) कुनै ठेकेदारले नगरपालिकाले तोकेको दरभन्दा बढी दरमा आय असूल गरेमा वा सम्झौतामा उल्लेख नभएका वस्तु वा सेवामा कर, सेवा शुल्क वा दस्तुर असुल गरेको भनी प्रमाणसहित नगरपालिकामा उजुरी दिएमा छानविन गरी बढी असुल गरेको पाइएमा त्यस्तो रकम सम्वन्धित व्यक्तिलाई दुई दिनभित्र धरौटी रकमवाट फिर्ता दिई ठेकदारलाई जानकारी दिनुपर्नेछ ।

(४) नगरपालिकाले उजुरीकर्तालाई फिर्ता दिएको रकम तथा संझौता बमोजिमको जरीवाना रकम सात दिनभित्र सम्वन्धित ठेकेदारले नगरपालिकामा फिर्ता दाखिला गर्नुपर्दछ ।

५५. **आय आर्जन परियोजनामा सार्वजनिक निजी साझेदारी** : (१) नगरपालिकाले निजी क्षेत्रको समेत पुँजीगत लगानी भई दुबै पक्षले नाफा कमाउने तथा जोखिम बेहोर्ने गरी सार्वनिक निजी क्षेत्र साझेदारीवाट सेवा प्रदान गर्न सक्नेछ ।

(२) सार्वजनिक निजी साझेदारी व्यवस्था अन्तर्गत दीर्घकालीन सम्पत्ति सिर्जना नगर्ने गरी गरिने व्यवस्थापन करारको अवधि तीन बर्षदेखि सात बर्ष र दीर्घकालीन सम्पत्ति सिर्जना गरी गरिने निर्माण सञ्चालन हस्तान्तरण करारको अवधि वीस बर्षभन्दा बढी हुनेछैन ।

(३) नगरपालिकाले सार्वजनिक निजी साझेदारीमा कार्य गराउँदा इच्छुक सबैले प्रतिस्पर्धागर्न सक्ने गरी प्रक्रिया अवलम्वन गर्नुपर्दछ ।

(४) सार्वजनिक निजी साझेदारी संझौताबमोजिम निर्माण हुने सम्पत्तिको स्वामित्व करार अवधि समाप्त भएपछि नगरपालिकाको हुनेछ ।

५६. **सम्पत्ति भाडामा दिने** : (१) नगरपालिकाले आफ्नो स्वामित्वमा रहेको सम्पत्ति बहाल वा भाडामा लगाई आय आर्जन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको सम्पत्ति छ महिना भन्दा बढी अवधिको लागि बहाल वा भाडामा दिंदा प्रतिस्प्रधाको माध्यमवाट गरी संझौता गरी वहाल वा भाडामा दिनुपर्दछ ।

(३) वहाल वा भाडा सझौता गर्दा तोकिए बमोजिमको धरौटी तथा भाडा बृद्धिको व्यवस्था गर्नुपर्दछ ।

५७. **अन्य कानून बमोजिम हुने** : (१)आय ठेक्का बन्दोबस्तका लागि आवश्यक बोलपत्र आव्हान, दरभाउपत्र तथा डाँक बढाबढ, पट्टा कबुलियत, धरौटी, किस्ता र ठेक्का तोड्ने जस्ता कार्यविधिहरु नगरपालिकाले स्वीकृत गरेको कानून वा प्रचलित अन्य कानून बमोजिम हुनेछ ।

## परिच्छेद - १५

## विविध

५८. **प्रगतिशील कर प्रणाली अवलम्बन गरिने** : नगरपालिकाले यस ऐनबमोजिम लगाउने करको दर निर्धारण गर्दा गरिब तथा विपन्न वर्गलाई कम बोझ पर्ने गरी प्रगतिशील कर प्रणाली अवलम्बन गर्नुपर्नेछ ।

५९. **विद्युतीय माध्यमको प्रयोग गर्न सक्ने** : यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि नगरपालिकाले विद्युतीय माध्यम (अनलाइन) बाट करदातालाई सूचना दिने, करदाताले आफ्नो विवरण र प्रमाण पेश गर्ने, कर लगायतको तिर्नु बुझाउनुपर्ने रकम दाखिला गर्ने एबम् कर वा त्यस्तो रकम बुझाएको रसिद दिने लगायतका कर तथा गैरकर राजस्व सम्बन्धी काम कारबाही गर्न सकिने व्यबस्था मिलाउन सक्नेछ ।

६०. **कागजातको ढाँचा** : यो ऐन र यस ऐन अन्तरगत बनेको नियमावली वा कार्यविधि वा निर्देशिकामा उल्लेख नभएको वा नतोकिएको कुनै विबरण, ढाँचा, तरिका वा जानकारी सम्बन्धमा आवश्यक व्यबस्था गर्न उपयुक्त देखिएमा कार्यपालिकाले आदेश वा सूचना जारी गरी आवश्यक व्यवस्था गर्न सक्नेछ ।

६१. **सूचना तामेली रीत पुगेको मानिने** : (१) यस ऐन बमोजिम दिनुपर्ने म्याद, सूचना वा कागजात देहायबमोजिम बुझाए वा पठाएमा सम्बन्धित व्यक्तिलाई बुझाएको वा दिइएको मानिनेछ :

(क) सम्बन्धित व्यक्तिलाई नै बुझाएको,

(ख) निजको परिवारको उमेर पुगेको सदस्यलाई बुझाएको,

(ग) निजको कानून व्यवसायी वा लेखापाललाई बुझाएको,

(घ) नावालिगको हकमा संरक्षक वा माथवर व्यक्तिलाई बुझाएको,

(ङ) कार्यालय, संघसंस्था वा निकायको हकमा प्रबन्धक वा प्रशासकीय प्रमुख वा सो कार्यका लागि तोकिएको कर्मचारीलाई बुझाएको, र

(च) करदाताको ठेगानामा हुलाकबाट रजिष्ट्री गरी पठाएको वा विद्युतीय माध्यमबाट सम्बन्धित पक्षको विद्युतीय ठेगानामा पठाएको ।

(२) कर इकाइको अधिकृतको नाम र पद खुल्ने गरी दस्तखत गरिएको, कम्प्यूटर प्रविधिबाट इनस्क्रीप्ट वा इनकोड गरिएको वा छाप लगाइ तामेली गरिएको वा दिइएको कागजातलाई रीतपूर्वकको कागजात मानिनेछ ।

६२. **विभागीय कारवाही हुने** : (१) कर अधिकृत वा कर प्रशासनसँग सम्बन्धित कुनै कर्मचारीले कर तिर्नु बुझाउनुपर्ने दायित्व भएको व्यक्ति वा करदातालाई हानि नोक्सानी पुर्‍याउने, करको दायित्व घटीबढी गर्ने, समान अवस्थामा करदाताबीच असमान व्यवहार गर्ने, कुनै करदातालाई अनुचित फाइदा पुर्‍याउने वा करदाताबाट आफ्नो वा अरु कसैको निजी स्वार्थ पूर्ति गर्ने उद्देश्यले कुनै काम गरेमा वा कानूनबमोजिम गर्नुपर्ने काम समयमा नगरी दुख वा हैरानी दिएमा सम्बन्धित व्यक्तिले प्रमुख प्रशासकीय अधिकृत समक्ष उजुर गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम उजुरी परेमा प्रमुख प्रशासकीय अधिकृतले आवश्यक छानबिन गरी सम्बन्धित कर्मचारीको सेवा सम्बन्धी कानून बमोजिम आफूलाई कारवाही गर्ने अधिकार भएको विषयमा आफैले विभागीय कारवाही गर्ने र कारवाही गर्ने अधिकार नभएको विषयमा विभागीय कारबाहीको लागि अधिकारप्राप्त अधिकारीसमक्ष पेश गर्नेछ ।

(३) उपदफा (२) बमोजिम र कारबाही गर्दा प्रमाण नष्ट हुन सक्ने भएमा प्रमुख प्रशासकीय अधिकृतले त्यस्तो कर अधिकृत वा अन्य कर्मचारीलाई सम्बन्धित सेवासम्बन्धी कानूनबमोजिम निलम्बन गर्न सक्नेछ ।

(४) उपदफा (२) बमोजिम छानबिन गर्ने अवधिभर सो कर्मचारीलाई कर अधिकृतको जिम्मेवारीबाट अलग राखिनेछ ।

(५) यस दफा बमोजिमको छानबिन गर्ने र कर अधिकृतको जिम्मेवारीबाट अलग राख्ने अवधि निजको सेवा सम्बन्धी कानूनमा अन्यथा व्यबस्था भएको अवस्थामा बाहेक तीन महिनाभन्दा बढी हुने छैन ।

६३. **पुरस्कृत गर्न सक्ने** : (१) नगरपालिकाले मापदण्ड निर्धारण गरी करदातालाई उत्कृष्ट करदाताको रुपमा प्रत्येक वर्ष पुरस्कृत गर्ने व्यवस्था गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दिइने पुरस्कारको स्वरुप, परिमाण वा सोसम्बन्धी अन्य व्यवस्था कार्यपालिकाले निर्धारण गरेबमोजिम हुनेछ ।

(३) कुनै करदाताले यस ऐनबमोजिम नगरपालिकालाई तिर्नु बुझाउनुपर्ने कर तथा गैर कर राजस्व रकम तिनुपर्ने रकमभन्दा कम बुझाएको वा राजस्व चुहावट गरेको सूचना दिएको आधारमा नगरपालिकालाई थप राजस्व प्राप्त हुन आएमा त्यसरी थप हुन आएको राजस्वको पन्ध्र प्रतिशत रकम सूचना दिने व्यक्तिलाई नगद पुरस्कार दिन सकिनेछ ।

६४. **सूचना सार्वजनिक गर्नुपर्ने** : (१) यस ऐनबमोजिम नगरपालिकाले लगाएको कर र गैरकर राजस्वका दर र त्यसमा भएको हेरफेर सम्बन्धी सूचना सर्वसाधारणको जानकारीका लागि स्थानीय राजपत्र तथा अन्य उपयुक्त माध्यमबाट समेत सार्वजनिक गर्नुपर्नेछ ।

(२) नगरपालिकाले उपदफा (१) बमोजिमका कर, राजस्वका दर र त्यसमा भएको हेरफेर समेतलाई आफ्नो वेबसाइटमा समेत राख्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(३) नगरपालिकाले कर र गैरकर राजस्वका दर र सोमा भएको हेरफेर सम्बन्धी विवरण नेपाल सरकारका सम्बद्ध निकायहरुमा समेत उपलब्ध गराउनु पर्नेछ ।

६५. **नियमावली, निर्देशिका वा कार्यविधि बनाउने अधिकार** : यस ऐन बमोजिमको काम प्रभावकारी रूपमा सम्पादन गर्न कार्यपालिकाले आवश्यक नियमावली वा निर्देशिका वा कार्यविधि स्वीकृत गरी लागू गर्न सक्नेछ ।

६६. **बाधा अड्काउ फुकाउने अधिकार** : (१) यस ऐनको कार्यान्वयनको सिलसिलामा कुनै बाधा अड्काउ परेमा त्यस्तो बाधा अड्काउ फुकाउन कार्यपालिकाले आदेश जारी गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम कार्यपालिकाले जारी गरेको आदेश यसै ऐनमा उल्लेख भएसरह मानिनेछ ।

(३) उपदफा (१) बमोजिम आदेश जारी गर्ने अधिकारको प्रयोग गर्दा यस ऐनमा उल्लिखित मूलभूत कुरालाई असर नपर्ने गरी मात्र गर्न सकिनेछ ।

**प्रमाणीकरण मितिः २०८२/०३/१०**

**आज्ञाले**
**यम बहादुर कुँवर**
**प्रमुख प्रशासकीय अधिकृत**